# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०४/०३

चौथो अधिवेसन

(२९औँ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेशनको २९औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदीलाई अनुमति दिन्छु ।

**माननीय कृष्णराज सेवेदी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई संसदमा प्रस्तुत भई सामाजिक विकास समितिबाट गहन छलफलका साथ परिमार्जित र परिस्कृत भई सम्मानित सदन समक्ष प्रस्तुत भएको छ । सो विधेयकमाथि सामान्य छलफल होस भन्ने प्रस्ताव प्रस्तुत गर्न चाहान्छु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

४. **माननीय सदस्यहरू,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने**

**सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***("हुन्न" भन्ने आवाज सुनिए)***

"हुन्छ" भन्ने माननीय सदस्यहरूको संख्या भन्दा "हुन्न" भन्ने माननीय सदस्यहरूको संख्या न्युन देखिएकोल **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि सामाजिक विकास समितिबाट दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव बहुमतले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

**५. माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा सामाजिक विकास समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ५ (पाच) मिनेटको समय निर्धारण गरेको छु ।
सर्वप्रथम मा० दिर्घ बहादुर सोडारीलाई समय दिन्छु ।

**माननीय दिर्घ बहादुर सोडारी**

माननीय सभामुख महोदय, सामाजिक विकास मन्त्रालय मार्फत निर्माण भएको सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान ऐन २०७६ बन्नका निम्ति विधेयक जो आएको छ हाम्रो बिचमा लामो छलफल पछि धेरै पछि यो विधेयक हामी बिचमा आएको छ । सामाजिक विकास समितिमा गहनतम छलफल भएकै होला । आयुर्वेदिक यस्तो क्षेत्र हो जो अथर्गविद वेदान्त र पूर्वीयदर्शन खासगरी संसारभरी दुइवटा सभ्यताहरु पश्चिमा र पूर्वीय Allopathic र Ayurveda जो अंग्रेजी दबाइको कुरा गर्दै छौं अहिले जुन अस्पतालहरुको कुरा गर्दै छौं त्यो भन्दा धेरै अगाडी नै ऋषी महाऋषीहरुले पूर्वीय स्वास्थ्य उपचारविधि अगाडी आएको छ । खासगरी हामी नेपालीहरु हामीसँग भएको हिमाल ओभरअल भन्नेहो भने पूर्वीय दर्शन बौद्धदर्शन सांख्य दर्शन यी सबैको पनि माओदर्शन वेद हो । वेदको अर्थववेदको कारणले आयुर्वेद हुन आएको छ । बडा धेरै छलफल छ राम्रो ढंगले आएको छ लामो समय पछि खासगरी सामाजिक विकास मन्त्रालयमा म भईरहदा यो संद्धान्तिक सहमति भइसकेको अवस्था थियो । र अहिले जुन ढंगले मन्त्रालयले मेहेनत गर्यो सरकारले यसलाइ ल्याएको छ यो छिटै कार्यान्वयन होस भन्ने शुभकामना दिन चाहान्छु । र केही एउटा गम्भिरतम यहाँ संशोधन माथि छलफल गर्नुपर्ने जस्तो देखियो । सभामुख महोदयज्यूसँग पनि समक्ष पनि मैले सामान्य जिज्ञासा राखेको थिएँ । यो गरिमामय संसदलाइ पनि जानकारी गराउन चाहान्छु । यसका केही शब्दहरु हिजो संशोधनमा संस्कृत शब्दहरु धेरै मेरो छैन । खासगरी परिच्छेद ६ अन्तरगत दफा १३ को कायचिकित्सक संकाय, सल्यसंकाय, कौमारमृत्युस्त्री एवं प्रसुसंकाय, दर्पणगुरु तथा

रससास्त्र संकाय, पंचकर्म तथा योग संकायलाइ नेपालीकरण गरिएको छ त्यो खास नेपाली करण होइन । बुझ्ने भाषा मात्र नेपाली हो । संस्कृत भाषा पूर्वीय दर्शनको र मानव जातीको सबभन्दा उच्चतम भाषा मानिन्छ । जो पश्चिमाहरुले लगेर अंग्रेजहरुले लगेर जर्मनमा यिनै शब्दहरु आज जर्मनमा यिनै शब्दहरु प्रयोग गरेर यिनै शास्त्रका आधारमा पढाइ हुन्छ । आज चाइनामा यिनै शब्दलाइ लिएर यिनै पाठ्यक्रम पढाइ हुन्छ र भारतमा पनि यिनै शब्दहरुलाइ लिएर यिनै शब्दहरुलाइ पढाइ हुन्छ । यो शब्दमा भोली हामी यमडी गर्ने यमबिबियस गर्ने । हामीले प्रतिष्ठान बनाइसकेपछि यमडि यमबिबियस यो क्षेत्रका विद्धानहरु हामी जन्माउनका निम्ति प्रतिष्ठान बनाउदैछौं । यदि यस्को नामै अर्को भयो भने त्यो नामै अर्को भयो भने मिल्दै मिल्दैन । हाम्रा मान्छेहरु यहा उत्पादन गरेका मान्छेहरु अरु ठाउ बिक्री हुँदैनन् । संसारभरी बिक्री हुँदैनन् । त्यसो भाको कारणले गर्दाखेरी यहाँ धेरै केही त भएको छैन । यसको नेपालीकरण गरिएको छ । नेपालीकरणलाइ कोष्ठमा राखेर संस्कृति भाषालाइ अगाडी सार्नेकुरा गर्यो भने राम्रो होला भन्ने लाग्छ । यदि यो भएन भने हामीले यति मेहेनत गरेर यो सारा गर्न  खोज्दैछु । जे गर्न खोज्दैछु यो ति विद्यार्थीहरु जस्का नाममा हामी गर्न खोज्दैछु । जो जसरी यलाइ ल्याउन खोजेको छ । यसको गरिमा र महत्व धेरै ठुलो छ । यतापट्टी हामी जान सकिराख्या छैनौं । यलाइ के भन्ने नेपाली शब्द के गर्ने । त्यस कारणले धेरै यस्ता शब्द नेपालीकरण भइसके । अंग्रेजी शब्दहरु नेपालकरण भएका छन् । यी शब्दहरुलाइ पनि तदनुसारनै राख्नुपर्छ भन्ने मेरो अनुरोध छ । अरु धेरै चिजहरु परिस्थित भएर आएकै छ । यसलाइ छिटो भन्दा छिटो कार्यान्वयन गरेर आर्थिक मामिला तथा योजना मन्त्री आज त हुनुहुन्न । सरकारको ध्यानाकर्षण गरें । बजेट छुट्याएर यसका उपकुलपति निर्देशकहरु डिन खासगरी एकठाउमा यहाँपनि अलिकति यो परिच्छद ९ मा प्रागिक परिषदको गठनमा यहाँ रजिष्ट्रार पनि राख्नुपर्छ उपकुलपति डिन रजिष्ट्रार । रजिष्ट्रार भनेको मुख्य पद हो । यसतो प्राज्ञिक परिषदको प्राज्ञिक परिषदमा रजिष्ट्रार भएन भने त्यतिराम्रो नहोला भन्ने लाग्छ । अरु तुलनात्मक ढंगले धेरै राम्रो उन्नत ल्याएका छौं । अरु सुदूरपश्चिम प्रदेशको निम्ति मात्रै होइन हामी सबै प्रदेशबासीका निम्ति सबै नेपालीहरुका निम्ति खासगरी पूर्वीयदर्शन पूर्वीय संस्कृति जो हाम्रा बाजेहरु जसरी हामी आइपुग्यौं । यसका निम्ति यो अत्यन्त महत्वपूर्ण काम सरकारले गर्न खोजेको छ । यसको छिटो कार्यान्वयन होस भन्ने राख्न चाहान्छु धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, म यो विधेयकको विषयवस्तुमा जानुभन्दा अगाडी म १ मिनेट केही कुरा भन्न चाहान्छु । म अनुमति पनि माग्न चाहान्छु । हिजोसाँझ प्रदेश सभाको राजधानीको मुटुमा बम बिस्फोटन भएको छ । वास्तवमा यो निन्दनीय कुरा हो । अब नेपालिलाइ हिंसा होइन शान्ति चाहिएको छ । हिंसा थेग्न सक्दैन त्यसैले यसै संविधान भित्र बसेर वार्ताको माध्यमबाट सबै समस्या समाधान गरेर अब देशलाइ आर्थिक समृद्धीतिर लैजानको लागि सबैको साझा कर्तव्य हो हिंसा सबैले त्यागनु पर्छ । म सभामुखज्यू मार्फत यो सम्मानित सदनमा राख्न चाहान्छु साथै प्रदेश सरकारको शान्ति सुरक्षाका सवालमा यहाँको स्थानीय प्रशासन बढी सचेत हुनुपर्छ यो लक्षण राम्रो होइन । त्यसले गर्दाखेरी आज हामी सबैलाइ झस्क्याएको  छ । विशेषगरेर प्रदेश सरकार यसमा बढी चनाखो हुनुपर्छ भनेर म सभामुख मार्फत सम्मानित सदनबाट सरकारलाइ माग गर्नपनि चाहान्छु । सुदूरपश्चिम पश्चिम आयुर्वेदिक प्रतिष्ठान स्थापना संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको हामी छलफलमा छौं । त्यो वास्तवमा धेरै महत्वपूर्ण विधेयक हो यो । साच्चिकै भन्नुपर्दा आज हामी यो जिवननै प्रकृतिसँग गासिएको हुन्छ त्यसैले यो पनि प्रकृतिसँगै गासिएको छ धेरै कुराहरु । आज एउटा प्रतिष्ठानहामी स्थापना गर्दै छौं जसको

लागि एउटा विधेयक हामीले ल्याएका छौं जसलाइ कानुनी रुप दिन्छौं र यो प्रतिष्ठानबाट हामीले आयुर्वेद अध्ययन अध्यापन अनुसन्धान गरेर जनतालाइ एउटा गुणस्तरिय आयुर्वेदिक सेवामा सर्वसाधारण नागरिकको पहुँचको कुरा गरिराख्या छौं यो अत्यन्त राम्रो कुरा हो । जसले हाम्रै प्रकृतिले दिएको जडिबुटीबाट जब हामी Treatment गर्छौं यति हामीलाइ Effect पर्दैन । यो नेचुरल कुरा हो जैविक कुरा हो र वास्तवमा नेपालले यो धेरै अगाडीदेखी यसको अनुसन्धान खोजतलास गरेर यसलाइ विश्वमा एउटा आयुर्वेदिक देश हो यो त्यसमा Natural कुरा नै पाइन्छ भनेर हामीले यो गरिसक्नुपर्ने कुरा हो । हामीसँग यो बढ्ता सम्भावना छ । तर यो विधेयक आफैमा महत्वपूर्ण छ र म धेरै त छैन २/३वटा बुदाहरु छन् । एउटा त यो समावेशी गर्ने टाइपले पहिलाको मस्यौदाभन्दा पछिल्लो प्रतिवेदनमा यो प्रतिवेदनको परिच्छेद ३ को दफा ७ मा जस्तो मलाइ लाग्छ । समन्वय समितिका प्रमुख र स्थानीय सरकारका प्रमुख भन्ने थियो पछि प्रतिवेदनमा उपप्रमुखहरु पनि राख्या छ किनभने त्यो ठिक छ समावेशीको हिसाबमा । यसलाइ भद्धा बनाउनुभन्दा ठुलो समिति बनाउनु भन्दा समन्वय समितिमा पनि प्रमुख या उपप्रमुख स्थानीय सरकारमा पनि प्रमुख या उप्रमुख मध्येबाट एउटाबाट १ जना महिला नछुट्ने गरी भनेर राख्दा वेश हुन्छ कि जस्तो मलाइ लाग्छ । यो मेरो सुझाव हो । अब जहाँसम्म छात्रवृतिको कुरा छ सम्पूर्ण छात्रवृति दिने भन्ने कुरा छ अब हामी प्रतिष्ठान निर्माण गर्दैछौं त्यसको अवस्था के हुन्छ । पूर्ण रुपमा हामी वर्गहरुको छात्रवृति दिने भन्ने कुरा पनि छ । र अर्को त्यसैभित्र यो परिष्छेद ९ को दफा ३४ को उपदफा १ मा संशोधन मै छ यदि स्थानीय सरकारको कार्यपालिकाले निर्णय गरे अनुसार विपन्न घरको भनेर निर्णय गर्यो भने त्यलाइ पनि दिन सकिनेछ भनेर हाल्या छ त्यो अलि गाह्रो हुन्छ । मापदण्ड निर्माण आखिर यसको विपन्नताको मापदण्ड बनाउने हो । आखिर यसको विपन्नताको मापदण्ड के । कार्यपालिका राजनितिक एउटा संस्था हो । विश्वास त गर्नुपर्छ । तर एउटा अहिले संघीय सरकारले परिचयपत्र दिएको छ । यो विपन्न वर्ग गरिब हो या विपन्न वर्ग हो भनेर । त्यसैले मापदण्ड नबनाइ निर्णय गर्ने कुराहरु त्यो कति सार्दर्भिक हुन्छ । त्यो बारेमा पनि हामीले सोच्नुपर्छ । कुनै कुरा पनि मापदण्ड बनाएन भने भोलि हामीलाइ समस्या हुनसक्छ । यो संस्था आफैमा एउटा स्यायत्त छ स्वशासित छ । यो एउटा अविछिन्न उत्तराधिकारीहो जस्ले गर्दाखेरी नियम विनियमहरु बनाएर प्रतिष्ठानलाइ कसरी अगाडी बढाउन सकिन्छ भन्ने कुराहरु पनि यसमा छ यो राम्रो पक्षहो र अर्को कुरा यो गठनको कुरा पछि मैले यो ३ मा यो गठनको प्रकृयाको बारेमा मलाइ के लाग्छ भन्दाखेरी अब सहकुलपति अध्यक्ष अनि प्रमुख सचिव र सचिवालयको सचिव भन्याछ ।यतिमात्र पर्याप्त होइनकि कुनै विज्ञ पनि राख्नुपर्छ कि यति मात्र पर्याप्त छ किछैन । यो पनि हामीले सोच्नुपर्छ । अब सबैभन्दा समस्या भनेको के हो भन्दाखेरी यसको संचालनको लागि आर्थिक कुरा हो । नेपाल सरकार प्रदेश सरकार र स्थानीय सरकार र दातृसंस्थाहरुबाट आउने जो आर्थिक कुराहरु छ अब यो सबैभन्दा महत्वपूर्ण के छ भने अध्ययन अध्यापन मात्र होइन । रिसर्च अनुसन्धानात्मक कुरा पनि छ । यो रिसर्च भनेको बहुत महत्वपूर्ण कुरा हुन्छ । रिसर्च भनेको धेरै गहिरो विषय पनि हो । त्यसैले यो प्रतिष्ठानको एउटा ऐन आउनु मस्यौदा आउनु आफैमा राम्रो छ । तर यसको रिसर्च सम्बन्धीका कुराहरु बढी खर्चालु पनि छ । यसको खोज कहिल्यो नसकिने हुन्छ । त्यसैले गर्दाखेरी हामीले ऐन त ल्यायौं मस्यौदा त ल्यायौं यो पास पनि हुन्छ तर प्रतिष्ठानलाइ Sustain हुनेगरिकन हामी स्थापना गर्ने सवालमा हामीले जानुपर्छ यसका लागि पूर्वाधारहरु त्यै ढंगले व्यवस्थापन गर्न सक्ने आर्थिक स्रोतहरु पनि मिनिमम उसलाइ त्यो प्रतिष्ठानलाइ क्रियाशील बनाउने र त्यसबाट हामीले खोजेको कुरा सुदूरपश्चिमले र नेपालले खोजेको कुरा एउटा युनिक रुपमा सुदूरपश्चिम प्रदेशको यो आयुर्वेदिक प्रतिष्ठानबाट अरुले पनि शिक्न सकुन यलाइ नमूनाको रुपमा बनाउ । प्राकृतिक प्रदत्त यो प्रदेश हो । प्रकृतिले धेरै कुरा हामीलाइ दिएको छ

। यसको अनुसन्धान गर्ने कुराहरु गहिरो रुपमा गरौं र यो प्रतिष्ठानलाइ त्यै ढंगले Sustain गर्ने किसिमले हामी अगाडी बढाउ । र मलाइ के लाग्छ भन्दा अहिले जति पनि विकसित Country हरु जैविकतिर ढल्केका छन् । आखिर जिवन नै जैविक हो नि। त्यसैले Unnaturally कति दिन जान सक्छन् । त्यो अप्राकृतिक कुरोसँग धेरै दिन टिक्न सकिदैन । अब Naturally कसरी आफुले जाने भन्ने कुरातिर अहिले सबैको ध्यान गएको छ । म माननीय हाम्रो सोडारीजीले बडा राम्रो कुरा ल्याउनु भएको छ । किनभने यो पाश्चात्य यो पूर्वेलीहरुले जुन किसिमको अहिले विभिन्न किसिमको एउटा ल्याएको छ । हाम्रो मौलिक संस्कृति पनि हो । यो भाषा अहिले धेरै विकसित Country हरुमा यो भाषालाइ लिएर पनि अहिले सिक्न थालेका छन् । किनभने यो भित्र हाम्रो मौलिकता छ । यो भित्र हाम्रो अस्तित्व छ । त्यसैले गर्दा यो भाषालाइ हामीले तोरमडप गर्ने होइन । यो भाषालाइ यो सँग मुलरुपमा मिसाएर बरु सहज रुपमा नेपाली शब्दहरुलाइ व्यवस्थापन गर्ने हो । तर भाषालाइ तोरमडर गर्यौं भने मलाइ लाग्छ यसको उदेश्य पूर्ति हुन सक्दैन । योसँग यसको सम्बन्ध छ । त्यसैले यो तर्कको पनि हामी सजक बनौं । यो विधेयक आफैमा महत्वपूर्ण छ । म अन्तमा विधेयकहरु सबै महत्वपूर्ण छन् र यसको प्रभावकारी कार्यान्वयन र व्यवस्थापन सबैभन्दा महत्वपूर्ण कुरा हुन्छ । विधेयक आफैमा महत्वपूर्ण हुन्छ विधेयक चाहिन्छ कानुन चाहिन्छ तर यसको प्रभावकारी कार्यान्वयन र बन्दोबस्तका कुराहरु बाट हामीले परिणाम दिन सकेनौं भने मात्र यो विधेयकको सार्थक हुन्छ यो विधेयक हामी बनाउ कानून बनाउ यसको सफल कार्यान्वयन होस भन्ने सुवेच्छा व्यक्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय, सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को प्रतिवेदन समितिका माननीयज्यूहरुले बडो मेहेनतका साथ ल्याउनुभएको छ । म समितिका माननीयज्यूहरुलाइ धन्यवाद दिन चाहान्छु । यो विधेयक आफैमा एकदमै महत्वपूर्ण विधेयक हो । कुनै पनि विधेयक कानून बनाउनु ठुलो कुरा होइन । विधेयक या कानूनलाइ कार्यान्वयन हुन एकदमै जरुरी छ । समयमा कार्यान्वयन भएपछि कुनै पनि कानूनको विधेयकको महत्वपूर्ण पक्ष हुन्छ । निष्पक्ष र छिटो व्यवस्थित कार्यान्वयन हुन जरुरी छ । यदि समयमा निष्पक्ष र व्यवस्थित कार्यान्वयन भएन भने कुनै पनि विधेयक र कानूनको अर्थ रहदैन । सुदूरपश्चिम प्रदेशमा सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालनमा आउदा सुदूरपश्चिमबासीहरु एकदमै खुशी भएका थिए । एकदमै गदगद भएका थिए । जब यो प्रतिष्ठान स्थापना र संचालन हुन आएन ।यहाँका जनताहरुको खुशीको सिमा थिएन । त्यस कारण हाम्रा वालबच्चाहरु मैले पहिला पनि भनेकै थिएँ । आयुर्वेद अध्ययन गर्न आफ्नै प्रदेशमा पाउनु पर्छ पाउनेछन् र अन्तै अरु प्रदेश अरु विदेश वाहाहरुलाइ दुख कष्ट भोग्न जानुपर्दैन । त्यस कारण चिन्ता के छ भने अध्ययन गर्नको लागि जिवजन्तु जडिबुटी अध्ययन गर्न कुनै अर्को प्रदेशको जंगलमा जानुपर्छ कि । सुदूरपश्चिम प्रदेशमा आयुर्वेद प्रतिष्ठान स्थापना संचालन हुन गइरहेको छ । हाम्रो सुदूरपश्चिमको अध्ययन गर्नको लागि जडिबुटी जिवजन्तुको लागि जुन जंगलको हामीले संरक्षण गर्नुपर्छ । हाम्रो सरकारले जंगलको संरक्षण गर्न छोडेर जंगल राजधानीको नाममा जंगललाइ मास्ने फडानी गर्नेतिर लागेको छ । म सरकारलाइ अनुरोध गर्न चाहान्छु । अहिले पनि समय छ । यो राजधानी हामीले भन्दै आएका छौं । यो राजधानी ९ जिल्लालाइ पाइक पर्ने खुला ठाउमा राखुस । पुनर्विचार गर्नुस नत्र सुदूरपश्चिमका जनताहरुलाइ पिरलेको छ कि सुदूरपश्चिको आयुर्वेद प्रतिष्ठान संचालनमा आउनु वाहाहरुलाइ संका छ । त्यसकारण यसमा पुनर्विचार गरियोस । म केही कुरा राख्न चाहान्छु । दफा ३ को ७ ञ मा कारण

देखाउमा समावेशी बनाउनुपर्ने भएकोले यसमा समावेशी मात्र होइन कि जो २०७२ को संविधानले समानुपातिक समावेशी भनेर स्पष्ट लेखिएकोछ । किनभने हामी आफैपनि समानुपातिक सिद्धान्तको पद्धतिबाट हामी आएका हुनाले यसमा समावेशी मात्रै छ । समानुपातिक यसमा थप्नुपर्छ यो कारणमा । यसैगरी दफा २ परिच्छेद ४ को दफा ९ मा च को आयुर्वेद क्षेत्रको अध्ययन अनुसन्धानमा विशिष्ट योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट यसमा पनि समावेशी मात्रै छ अनि मध्येबाट समानुपातिक समावेशी हुनुयसमा जरुरी छ र यसैगरी ३ को पनि ङ मा मध्येबाट समावेशी आधारमा वरिष्ठ २ जना समस्य मात्रै यसमा भनिएको छ । यसमा पनि मध्येबाट समानुपातिक हुनु जरुरी छ र कारण देखाउमा पनि समावेशी मात्रै छ यसमा पनि समानुपातिक थप्नुपर्छ । परिच्छेद ९ को दफा ३४ को उपदफा १ मा समावेशी सिद्धान्तका आधारमा विद्यार्थी प्रौढ रुपमा छात्रवृति उपलब्ध गराउनुपर्नेछ । यसमा पनि समानुपातिक समावेशी सिद्धान्तका आधारमा यसमा लेख्नुपर्छ आउनुपर्छ । अनि कारण देखाउमा पनि समावेशी मात्रै छ समावेशीमा समानुपातिक यसमा थप्नुपर्छ । मेरो मान्यता हो धन्यवाद ।

**माननीय बलदेव रेग्मी**

माननीय सभामुख महोदय, आज बिहान मात्र साडे आठ बजेतिर बाजुराजिल्ला पिलिचौर देखी कालिकोटको जितेगडा सम्म जाँदैगरेको जिप दुर्घटनामा परी त्यसमा सवारी १६ जना मध्ये २ जनाको घटनास्थलमै मृत्यु भएको  थियो र १२ जनालाइ हेलिकप्टरबाट उद्धार गरेर नेपालगंजसम्म ल्याइएको छ । दुर्घटनामा ज्यान गुमाउने प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु र मृतकका सोकाकुल परिवारप्रति गहिरो सम्बेदना व्यक्त गर्दछु र घटनामा पिडितको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । प्रदेश सरकारले सुदूरपश्चिम आयुर्वेदिक प्रतिष्ठान व्यवस्था तथा संचालनका लागि जुन विधेयक ल्याएको छ र आज निर्णयार्थ यो सदनमा प्रस्तुत भएको छ । धेरै मेहेनत गरेर आएको छ र समितिमा पनि निकै छलफल गरेर यो विधेयक सदनमा प्रस्तुत भएको छ । हामीले सर्र हेर्नुपर्दा हाम्रा अगाडी आएको विधेयकलाइ हामीले गम्भिर रुपमा पनि लिनुपर्ने हुन्छ । यो हाम्रो प्रदेशमा अहिलेसम्म न प्राइभेट सेक्टरबाट चिकित्सशास्त्र तर्फ अध्ययनको व्यवस्था गरेको छैन । विपि कोइराला प्रतिष्ठान मनमोहन लगायतका ठुला नेताहरुको नाममा प्रतिष्ठित संस्थानहरु पनि हाम्रो प्रदेशमा संचालन भएका छैनन र सरकारी तर्फबाट पनि संचालन भएकोछैन । हाम्रो यो ठाउको हाम्रो क्षेत्रको माटो सुहाउदो र हामीले सक्ने खालको जुन प्रतिष्ठान संचालन गर्नका लागि सरकारले विधेयक ल्याएको छ यो एकदमै स्वागत योग्य छ किनभने हामीसँग भएको जडिबुटी यै हामीले व्यवस्थित गरेर तेललाइ दक्ष जनशक्ति तयार गरेर सुलभ सस्तो रुपमा हामीले आफ्नो जनशक्ति तयार गर्ने र प्राकृतिक स्रोत साधनको सदुपयोग गर्ने नीति लिएको छ । यसको बारेमा म धेरै धेरै धन्यवाद दिन चाहान्छु । यो विशेष गरेर यो समावेशी प्रतिनिधित्वको कुरा पनि समेटिएको कुरा छ । स्थानीय निकायबाट महिलाको र उपप्रमुखको प्रतिनिधित्व जिल्ला समन्वयबाट पनि प्रतिनिधित्व गर्ने खालको व्यवस्था गरेको छ । यो स्वागतयोग्य कुरा छ । त्यसतै यो भाषाका हिसाबले अहिले संस्कृत भाषा विगत लामो समयदेखी पाठ्यक्रमबाट हटाइसकिएको र सामान्य Knowledge सामान्य जानकारी पनि Public लाइ जानकारीका लागि नै यो भाषा उल्था गरेर नेपालीमा लेखिएकोमा पनि यो सबैलाइ सहजताका लागि हो । यदि त्यो भाषा त उल्लेख नै छ । यो सभावेशी सिद्धान्तका आधारमा पिछडिएको क्षेत्रलाइ पनि समेटिएको छ । यो पनि स्वागत योग्य नै छलफलबाट आएको निष्कर्ष छ त्यसैले यो २ चोटी हामी प्रतिष्ठानमा अध्ययन गर्ने बाट अध्ययन गरिरहेका प्रशिक्षार्थीले पास भइसकेपछि दुर्गममा दुइ वर्ष सेवागर्नुपर्ने र सुगममा ३ वर्ष सेवा गर्नुपर्ने यो पनि परिमार्जन गरेर धेरै राम्रो गरेको छ यो पनि १ वर्ष मै त्यो सेवा पुर्याउन सकिदैन । त्यहाँका मानिससँग

परिचय नहुदै आफ्नो सेवा नपुग्दै फर्किने व्यवस्था रहन सक्छ । यसरी जुन लामो समयसम्म महत्वपूर्ण छलफल गरेर यो विधेयक आज यो संसदमा प्रस्तुत भएको छ र पास हुने तयारी मा छ म यसका लागि समितिलाइ र मन्त्रीज्यूलाइ हार्दिक धन्यवाद दिदै मेरो भनाइ यै राख्न चाहान्छु धन्यवाद ।

**माननीय देवराज पाठक**

माननीय सभामुख महोदय, आज यो विधेयक प्रस्तुत भएर ज्यादै नै प्रतिपक्षपनि यसमा ज्यादै नै खुशी छौं । जुन कुराको उल्लेख वेद पुराणमा पनि उल्लेख छ आयुर्वेदिक विषयको यो सुदूरपश्चिमांचल आयुर्वेदिक प्रतिष्ठान जो स्थापना हुँदैछ त्यसको लागि म माननीयमन्त्रीजीलाइ धन्यवाद दिन चाहान्छु । यो वेद पुराणमा भएको कुरा विचविचमा हामीले पाश्चात्य सभ्यतातिर बढी गयौं आफ्नो सभ्यतालाइ हामी भुल्यौं र यसको परिणाम हुन त म आफ्नो जिवनको अनुभव पनि भन्थे तर समय छोटो त्यसमा बढी प्रकाश हाल्न चाहादैन । आज बालकृष्णको बिश्वमै माग छ यहासम्मकी बेलायतकी महारानी एलिजावेदले पनि बालकृष्णजीलाइ बोलायो दर्शनभेटको लागि । जबकी बेलायती महारानीलाइ दर्शनभेट पाउन गाह्रो हुन्छ आफै बोलाएर । विश्वका कतिपय देश छन् जहाँ बालकृष्णजीलाइ बोलाएर जो यो प्रतिष्ठानको परिकल्पना भएको छ यो ज्यादै नै खुशीको कुरा छ । नियम कानून भन्दा पनि यसलाइ यहाँसम्मका कानून बन्ने तर कार्यान्वयन पक्ष फितलो हुने भएकाले यसलाइ यो नियम पास हुनवितिकै यलाइ कार्यरुपमा पनि परिणत हुनेछ भन्ने मैले विश्वास लिएको छु र यसको सफलताको पनि कामना गर्दछु र म यसमा धेरै प्रकाश नहालेर यो विधेयक पास भएर कानूनमा परिणत होस भन्ने शुभकामना व्यक्त गर्दै विदाहुन्छु धन्यवाद ।

***(बोलि सकेपछि)***

**६. माननीय सदस्यहरू,**

**"सुदूरपशिचम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ।

**७. माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदीलाई **"सुदूरपशिचम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु।

**माननीय कृष्ण राज सुवेदी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम आयुर्वेद स्थापना र संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि यो गरिमामय सदनमा विद्धान माननीयज्यूहरुले आफ्ना अमुल्य सुझाव दिनुभएको छ । अमुल्य सुझाव दिनुहुने माननीयज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । आजको सदनमा के सत्ता पक्ष के प्रतिपक्ष दुवै पक्षले चिताएको रुचाएको मन पराएको विधेयक आयुर्वेदिक प्रतिष्ठान विधेयक यस सभामा सबैभन्दा बढी वृद्ध माननीयज्यूले याबाटै म समर्थन गर्छु चाडै पारित होस भन्ने शुभकामना दिएर जानुभो । यसका लागि म वाहालाइ धेरै धेरै धन्यवाद दिन चाहान्छु । जहासम्म यो विधेयकमा समेटिएका कुराहरु छन् यो असाध्यै महत्वपूर्ण विधेयक यसले सुदूरपश्चिमका हरेक क्षेत्रमा यहाँको गरिबि यहाँको वेरोजगारी यहाँको स्वास्थ्यको पहुचबाट टाढा

भएका पहुचमा नपुगेका त्यसता जनताहरुलाइ यो आयुर्वेद प्रतिष्ठानले सहयोग दिने छ । त्यसले केही स्वास्थ्य क्षेत्रमा अध्यापन गराउने छ र पिछडिएको क्षेत्र जहाँ गरिबीको रेखामुनी रहेका छन् । त्यो क्षेत्रका नागरिकहरुलाइ अध्ययन गर्न चाहनेलाइ १५ प्रतिशत छात्रवृति उपलब्ध गराउनेछ र सरकारी विद्यालयबाट अध्ययन गरेका विद्यार्थीहरुलाइ कम्तीमा पनि ४५ प्रतिशत विद्यार्थीहरुले यसमा अध्ययन गर्न पाउनेछन् । र विदेशीहरुलाइ पनि यो प्रतिष्ठानमा हामीले केही सिट राखेका छौं । त्यसैले यो समग्र सुदूरपश्चिमको प्रतिनिधित्व गर्ने आयुर्वेद क्षेत्रमा हामीसँग सुदूरपश्चिममा धेरै त्यसतो क्षेत्र छ हामीसँग घोडाघोडी छ शुक्ताफाँटा छ अपिशैपाल हिमालहरु छन् रामारोशन छ खप्तड छ । यसता महत्वपूर्ण क्षेत्रमा जडिबुटी प्रयाप्त मात्रामा भएको क्षेत्र । त्यसैले यो प्रतिष्ठान असाध्यै महत्वपूर्ण छ । यहाँ माननीयज्यूहरुका अमुल्य सुझावलाइ केही यो विधेयकले समेटिसकेको छ । आजै आएका अमुल्य सुझावलाइ ग्रहण गर्दै यलाइ अझै परिष्कृत र परिमार्जित गर्दै सुदूरपश्चिमको समग्र क्षेत्रमा आयुर्वेद प्रतिष्ठान १ नं. भयो है भन्ने बनाउनका लागि सरकार प्रतिवद्ध छ । यो प्रतिष्ठान धनगढी उपमहानगरपालिकाको वडा नं. १३ मा निर्माणाधीन भइरहेको छ । अब यसको अन्तिम अन्तिम चरणमा पुगिरहेको छ बोराडाडीतिर । यो प्रतिष्ठान विधेयक पारित हुँदासाथ हामी त्यो ठाउबाट संचालन गर्नेकुरा पनि यहाँहरुमाझ राख्दै आफ्ना अमुल्य सुझाव दिनुहुने सम्पूर्ण माननीयज्यूहरुलाइ हार्दिक धन्यवाद दिदै विदाहुन्छु धन्यवाद ।

*(जवाफ दिईसकेपछि)*

**८. माननीय सदस्यहरू,**

अब,म **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ९ (नौ) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ९ (नौ) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

**(हुन्न भन्ने आवाज सुनिए)**

"हुन्छ" भन्ने माननीय सदस्यहरूको संख्या भन्दा "हुन्न" भन्ने माननीय सदस्यहरूको संख्या न्युन देखिएकोले **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ९(नौ) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था बहुमतले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**९. माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि ४२ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ४२ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतील **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

**(हुन्न भन्ने आवाज सुनिए)**

"हुन्छ" भन्ने माननीय सदस्यहरूको संख्या भन्दा "हुन्न" भन्ने माननीय सदस्यहरूको संख्या न्युन देखिएकोले विधेयकको २ देखि ४२ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**१०. माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

***प्रस्तावना:*** सुदूरपश्चिम प्रदेशमा आयुर्वेद स्वास्थ्य बिज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तथा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवामा सर्वसाधारण नागरिकको पहुँचलाई सहज एवम् सुलभ तुल्याउन सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संबिधान को धारा १९७ बमोजिम सुदुरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ: (१)यस ऐनको नाम **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान ऐन, २०७६"** रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

*(पढेर सुनाएपछि)*

**११. माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अङ्ग बनेको घोषणा गर्दछु ।

*(हुन्न भन्ने आवाज सुनिए)*

"हुन्छ" भन्ने माननीय सदस्यहरु भन्दा "हुन्न" भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**१२. माननीय सदस्यहरू,**

अब म, विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी लाई **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय कृष्ण राज सुवेदी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ लाइ प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम सभाबाट सर्वसम्मत रुपमा पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**१३.माननीय सदस्यहरू,**

अब, म सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुबेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**(हुन्न भन्ने आवाज सुनिए)**

“हुन्छ” भन्ने माननीय सदस्यहरु भन्दा “हुन्न” भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले **“सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** बहुमतले पारित भएको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

**१४. माननीय सदस्यहरू,**

**“सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

**१५. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल श्रावण ६ गते सोमबार दिनको ३:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।